गण्डकी गाउँपालिका

# स्थानीय राजपत्र

# शिक्षा तर्फको वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

खण्ड ४ संख्या २१ मिति: २०७७।७।२२

**भाग-२**

**गण्डकी गाउँपालिका**

गण्डकी गाउँपालिका,

शिक्षा तथा युवा खेलकुद शाखा

शिक्षा तर्फको वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

## आर्थिक वर्ष २०७७।०७८ का लागि स्विकृत कार्यक्रमहरु

| **क्र.स.** | **क्रियाकलाप** | **बजेट** |
|---|---|---|
| १ | समीक्षा र योजना प्र.अ. बैठक, मनोपरामर्श, स्थानीय शिक्षा समिति बैठक,स्थानीय परीक्षा समिति बैठक | ४८०००० |
| २ | प्रश्नपत्र निर्माण कार्यशाला आयोजना(सबै तह) | २६०००० |
| ३ | वैकल्पिक सिकाइ केन्द्र सामग्री खरिद | ५००००० |
| ४ | सुचना प्रविधि र लेखा तालिम | १००००० |
| ५ | शिक्षकहरुको क्षमता अभिवृद्धि तालिम | १८०५०० |
| ६ | विभिन्न दिवसका र कार्यक्रम खर्च | ११५००० |
| ७ | शिक्षक महासंघ प्रशासनिक खर्च | २५००० |
| ८ | कक्षा एक एकिकृत पाठ्यक्रम प्रवोधिकरण | १८६५०० |
| ९ | बाल सहजकर्ता तलब | ४५६००० |
| १० | विद्यालय सुपरीवेक्षण, यातायत, भम्रण | २४७००० |
| ११ | कक्षा ८ को परीक्षा व्यवस्थापन | ३५०००० |
| १२ | शिक्षकहरुका लागि परिचयपत्र | १००००० |
|  | **जम्मा** | ३०००००० |

**क. समीक्षा र योजना प्र.अ. बैठक, मनोपरामर्श, स्थानीय शिक्षा समिति बैठक,स्थानीय परीक्षा समिति बैठक**

**क्रियाकलाप नं. १ समीक्षा र योजना प्र.अ. बैठक**

**उद्देश्यः**

- ❖ विद्यालयगत प्रगति विवरण तयार गर्न एवं सोको अघि कार्यान्वयन कार्यक्रमको समीक्षा गर्न,
- ❖ विभिन्न विद्यालयगत आर्थिक, भौतिक एवं शैक्षिक विवरण संकलन गर्न,
- ❖ शसर्तका निकासाको विश्लेषण एवं मार्गदर्शन प्रदान गर्न,
- ❖ शसर्त कार्यक्रम कार्यान्वयनको जानकारी एवं योजना निर्माण,
- ❖ जवाफदेहिता र जिम्मेवारीमा थप हौसला प्रदान र क्षमता विकास गर्न,
- ❖ शिक्षा शाखाका विभिन्न जानकारी, निर्देशन, गतिविधि एवं सूचना सम्प्रेषण गर्न,
- ❖ प्रधानाध्यापकका तर्फबाट आएका विभिन्न प्राविधिक एवं प्रशासनिक समस्याहरुको सम्बोधन गर्न ।

**कार्यान्वयन प्रक्रिया :**

गाउँपालिका शिक्षा शाखाको योजना अनुसार प्रत्येक महिनाको ७ गते (कार्त्तिक र चैत बाहेकका महिनामा) गाउँपालिकाको सभाहलमा शिक्षा शाखाका कर्मचारी एवं प्रमुख प्रशासकीय अधिकृत सहितको उपस्थितिमा सबै विद्यालयका प्रधानाध्यापक ज्यूहरु महत्वपुर्ण कागजात सहित उपस्थित हुनु पर्नेमा हाल कोभिड १९ को असरले गर्दा मासिक कार्यक्रममा असर पर्न गएकाले परिस्थिति अनुसारको योजना बनाई प्रधानाध्यापक बैठक आयोजना गर्ने,

- प्रत्येक बैठकको माइनुटिङ गर्ने,
- प्रति बैठकको रु १००० का दरले यातायात र खानाबास बापतको रकम प्र.अ.हरुको बैक खातामा दाखिला गर्ने,
- प्रत्येक बैठकमा प्रति व्यक्ति रु १५० बराबरको खाजा व्यवस्थापन गर्ने ।

**क्रियाकलाप नं. २ स्थानीय शिक्षा समिति बैठक**

**उद्देश्यः**

- ❖ गाउँपालिकाका विभिन्न शैक्षिक योजना र कार्यक्रम माथि छलफल,
- ❖ वार्षिक रुपमा शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजन गर्ने,
- ❖ सुपरिवेक्षण र अनुगमनका योजना बनाउने,
- ❖ विद्यालयगत गतिविधि एवं तथ्याङ्क विश्लेषण गर्न,
- ❖ शिक्षा सम्बन्धी विभिन्न निर्णय लिने एवं कार्यान्वयन गर्ने,
- ❖ विद्यालयको विभिन्न शैक्षिक नतिजा विश्लेषण गर्ने,
- ❖ विद्यालयका सामाजिक परीक्षण र लेखा परीक्षणको विश्लेषण गर्ने,
- ❖ वैकल्पिक शिक्षाको योजना बनाउने,
- ❖ शिक्षा शाखालाई आवश्यक निर्देशन दिने ।

**कार्यान्वयन प्रक्रिया :**

गाउँ शिक्षा समितिको बैठक प्रत्येक तीन महिनामा कम्तिमा एक पटक वा आवश्यकता अनुसार वार्षिक दशवटा नबढ्ने गरी गाउँपालिकाको सभाहलमा आयोजना गर्ने,

- प्रत्येक बैठकको माइनुटिङ गर्ने,
- प्रति बैठकको रु १००० का दरले बैठक भत्ता शिक्षा समितिका पदाधिकारीहरुको बैंक खातामा दाखिला गर्ने,
- प्रत्येक बैठकमा प्रति व्यक्ति रु १५० बराबरको खाजा व्यवस्थापन गर्ने।

**क्रियाकलाप नं. ३ स्थानीय परीक्षा समिति बैठक**

**उद्देश्यः**

- ❖ परीक्षा केन्द्र निर्धारण गर्ने,
- ❖ स्वच्छ, मर्यादित, भयरहित वातावरणमा व्यवस्थित ढंगले परीक्षा सञ्चालन गर्ने,
- ❖ उपसमिति वा कार्यदल गठन गरी काम, कर्तव्य र अधिकार तोक्ने,
- ❖ उत्तर पुस्तिका परीक्षण तथा सम्परीक्षण सम्बन्धी कार्य गर्ने, गराउने,
- ❖ परीक्षाफल प्रकाशन गर्ने, परीक्षार्थीहरुलाई प्रगति विवरण वा प्रमाणपत्र वा ग्रेडसीट उपलब्ध गराउने,

- ❖ परीक्षा सम्बन्धी विभिन्न कार्यमा संलग्न शिक्षक कर्मचारीहरुका लागि पारिश्रमिक तोक्ने,
- ❖ परीक्षा सञ्चालनको लागि केन्द्राध्यक्ष नियुक्त गर्ने ।

**कार्यान्वयन प्रक्रिया :**

स्थानीय परीक्षा समितिको बैठक परीक्षा सञ्चालन योजना, प्रश्नपत्र निर्माण, मोडरेट र नतिजा प्रकाशन छलफल गरी वार्षिक ९ वटा नबढ्ने (त्रैमासिक परीक्षा अघि २ वटा पछि एउटा) गरी गाउँपालिका वा शिक्षा शाखाले तोकेको विद्यालयमा आयोजना गर्ने,

- प्रत्येक बैठकको माइनुटिङ गर्ने,
- प्रति बैठकको रु १००० कादरले बैठक भत्ता बापतको रकम स्थानीय परीक्षा समितिका पदाधिकारीहरुको बैक खातामा दाखिला गर्ने,
- प्रत्येक बैठकमा प्रति व्यक्ति रु १५० बराबरको खाजा व्यवस्थापन गर्ने ।

**क्रियाकलाप नं. ४ मनोपरामर्श प्रदान गर्ने कार्यक्रम**

**उद्देश्यः**

- ❖ सहभागीलाई बालमनोविज्ञानका बारेमा जानकारी दिने,
- ❖ बाल केन्द्रित शिक्षण विधिका बारेमा जानकारी दिने,
- ❖ विद्यालयमा शिक्षणका समयमा आइपरेका समस्याका समाधानका उपायका बारेमा जानकारी दिने,
- ❖ उत्प्रेरणा र सकरात्मक सोचको विकास गर्ने,
- ❖ मनोविज्ञानका बारेमा कार्यशाला, प्रयोगात्मक अभ्यास एवं परियोजना कार्य गराउने ।

**कार्यान्वयन प्रक्रिया :**

मनोपरामर्श प्रशिक्षण क्रियाकलाप नं. १ सँगै गर्ने, सो बाहेक वार्षिक ६ वटा नबढ्ने गरी गाउँपालिकाको सभाहल वा शिक्षा शाखाले तोकेको विद्यालयमा मंसिर र पुसमा आयोजना गर्ने,

- प्रत्येक कार्यक्रमको माइनुटिङ गर्ने,
- प्रशिक्षकलाई दैनिक भम्रण भत्ता र खानाबासको सुविधा दिने,
- प्रत्येक बैठकको रु ५०० कादरले सहभागीको भत्ता उपलब्ध गराइनेछ,
- प्रत्येक कार्यक्रममा प्रति व्यक्ति रु १५० बराबरको खाजा व्यवस्थापन गर्ने ।

**ख. प्रश्नपत्र निर्माण कार्यशाला आयोजना(सबै तह)**

**उद्देश्यः**

- ❖ गाउँपालिकाका सबै परीक्षालाई स्तरीकृत बनाउने,
- ❖ शिक्षकहरुलाई स्तरीकृत प्रश्नपत्र निर्माण गर्न प्रशिक्षण गर्ने
- ❖ प्रश्नपत्र निर्माणका आधारभूत पक्षसँग जानकार गराउने
- ❖ विशिष्टीकरण तालिकाका बारेमा आधाभूत जानकारी दिने
- ❖ विद्यार्थी मूल्यांकनका विविध पक्षको प्रशिक्षण दिने
- ❖ विषयगत स्तरीकृत प्रश्नपत्र निर्माण गर्ने
- ❖ गाउँपालिकामा स्तरीकृत परीक्षाका प्रशिक्षक तयार गर्ने
- ❖ प्रश्न निर्माणका परियोजना कार्य र प्रयोगात्मक कार्य गराउने
- ❖ गाउँपालिका स्तरीय र आधारभूत परीक्षाका लागि प्रश्नपत्र तयार गर्ने

कार्यान्वयन प्रक्रिया

गाउँपालिकाका सामुदायिक विद्यालयबाट विषय अनुसारका शिक्षक छनौट गर्ने, शिक्षक छनौट गर्दा विषयगत योग्यता, अनुभव र क्षमता

समेतलाई प्राथमिकता दिने, एक पटकको प्रशिक्षणमा ४० जना भन्दा नबढ्ने गरी सहभागीलाई समावेश गर्ने,

- प्रत्येक प्रशिक्षण कार्यक्रमको माइनुटिङ र हाजिर गर्ने,
- एक प्रशिक्षण अधिकतम दुई दिनको हुनेछ,
- प्रत्येक प्रशिक्षण कार्यक्रमको प्रति सहभागी रु १००० कादरले यातायात र खानाबास बापतको रकम उपलब्ध गराउने,
- प्रशिक्षकलाई तालिम अवधिभरको भम्रण भत्ता उपलब्ध गराउने,
- प्रत्येक सहभागीलाई आवश्यक स्टेसनरी उपलब्ध गराइनेछ,
- प्रत्येक कार्यक्रममा प्रति व्यक्ति रु १५० बराबरको खाजा व्यवस्थापन गर्ने,
- कार्यक्रमको अनुगमन गाउँपालिकाले गर्नेछ ।

कार्यक्रमको सूचना प्रकाशन पुस महिनामा हुने र कार्यक्रम माघ महिनाको अन्तिम हप्तामा सम्ममा गर्ने ।
कोभिड १९ को असर कम नभएमा यस प्रशिक्षण अनलाइनबाट गर्ने व्यवस्था गर्ने सोको लागि हाल अनलाइन माध्यममा प्रशिक्षणमा प्रयोग हुने एप्लिकेशन शिक्षा शाखाले निर्धारण गर्ने छ ।

## ग. वैकल्पिक सिकाइ केन्द्र सामग्री खरिद

**उद्देश्यः**

- ❖ गाउँपालिकामा सिकाइ केन्द्र स्थापना गर्ने,
- ❖ सिकाइ केन्द्रमा प्रविधि मैत्री सामग्रीको व्यवस्थापन गर्ने,
- ❖ सिकाइ केन्द्रमा एक एक जना सिकाइ केन्द्र व्यवस्थापकको व्यवस्था गर्ने,
- ❖ वैकल्पिक सिकाइलाई प्रवर्द्धन गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

नेपाल युथ फाउन्डेसनको लगानीमा गाउँपालिकाको तर्फबाट रु ५००००० लगानी गर्ने । कार्यक्रम कार्यान्वयन प्रक्रिया र समय नेपाल युथ फाउन्डेसनले निर्धारण गरे अनुसार हुनेछ ।

## घ. सूचना प्रविधि र लेखा तालिम

**उद्देश्यः**

- ❖ आधारभूत तहका प्रधानाध्यापकलाई र माध्यमिक तहका प्रधानाध्यापक, लेखा कर्मचारीलाई विद्यालयको लेखाका बारेमा प्रशिक्षण दिने,
- ❖ सहभागीलाई लेखासहित सूचना प्रविधिको बारेमा आधारभूत जानकारी दिने,
- ❖ सार्वजनिक खरिद ऐन र नियामावलीका बारेमा जानकारी दिने,
- ❖ विद्यालय लेखांकंन निर्देशिका बारेमा जानकारी दिने,
- ❖ लेखा सम्बन्धी विभिन्न फारम भर्न सहजीकरण गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

यस तालिम पूर्व शिक्षा शाखाले विद्यालयलाई मंसिरको पहिलो हप्त सूचना दिनेछ र सहभागीहरुको सूची तयार गर्नेछ । कार्यक्रम मंसिर महिनाभित्र सम्पन्न हुनेछ ।

- प्रत्येक प्रशिक्षण कार्यक्रमको माइनुटिङ र हाजिर गर्ने,
- प्रत्येक प्रशिक्षण कार्यक्रमको प्रति सहभागी रु १००० कादरले बैठक भत्ता सहभागीको बैक खातामा दाखिला गर्ने,
- प्रशिक्षकलाई तालिम अवधिभरको दैनिक भम्रण भत्ता उपलब्ध गराउने,

- प्रत्येक सहभागीलाई रु १०० का दरले स्टेसनरी उपलब्ध गराइनेछ,
- प्रत्येक कार्यक्रममा प्रति व्यक्ति रु १५० बराबरको खाजा व्यवस्थापन गर्ने,
- कार्यक्रमको अनुगमन गाउँपालिकाले गर्नेछ ।

## ङ. शिक्षकहरुका लागि क्षमता विकास तालिम

**उद्देश्यः**

- ❖ शिक्षकहरुलाई पेशागत विकासमा सहजीकरण गर्ने
- ❖ विषयगत तालिमको मोडुल बनाई तालिम दिने
- ❖ शिक्षकहरुलाई अनलाइन प्रविधि र विधिसँग परिचित गराउने
- ❖ शिक्षकका विषयगत र प्राविधिक समास्या सम्बोधन गर्ने
- ❖ शिक्षकहरुलाई सिकाइ सहजीकरणमा सहयोग गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

यस तालिम पूर्व शिक्षा शाखाले पौष महिनामा विद्यालयलाई सूचना दिई सहभागीहरुको सूची तयार गर्ने । माघ महिनामा तालिम संचालन गर्ने ।

- प्रत्येक प्रशिक्षणको माइनुट र हाजिर तयार गर्ने,
- प्रशिक्षकलाई तालिम अवधिभरको दैनिक भम्रण भत्ता उपलब्ध गराउने,
- सहभागीलाई रु ५०० का दरले यातायात सुविधा उपलब्ध गराउने,
- प्रत्येक कार्यक्रममा प्रति व्यक्ति रु १५० बराबरको खाजा व्यवस्थापन गर्ने,

- कार्यक्रमको अनुगमन गाउँपालिकाले गर्नेछ ।

## च. विभिन्न दिवसका र कार्यक्रम खर्च

**उद्देश्य:**

- ❖ शिक्षा शाखाले आयोजना गर्ने कार्यक्रममा विद्यालयगत बालबालिकाको सहभागिता,
- ❖ शिक्षासँग सम्बन्धित विभिन्न दिवसका बारेमा प्रकाश पार्ने ।

**कार्यान्वयन प्रक्रिया**

यस तालिम पूर्व शिक्षा शाखाले विद्यालयलाई सूचना दिई सहभागीहरुको सूची तयार गर्ने ।

- प्रत्येक कार्यक्रमको माइनुटिङ र हाजिर गर्ने,
- कार्यक्रम व्यवस्थापन खर्च तोकिए अनुसार हुने,
- सहभागीलाई रु १००० का दरले यातायात र खानाबास सुविधा दिने,
- पुरस्कार प्रथम रु १२००० वा सो बराबरको, द्वितीय ८००० वा सो बराबरको, तृतीय ५००० वा सो बराबर
- प्रत्येक कार्यक्रममा प्रति व्यक्ति रु १५० बराबरको खाजा व्यवस्थापन गर्ने ।

**आज्ञाले,**
**पुरण गुरुङ**
**प्रमुख प्रशासकीय अधिकृत**